संघीय संसद
राष्ट्रिय सभा

विधायन व्यवस्थापन समिति

ज्येष्ठ नागरिक (पहिलो संशोधन) विधेयक, २०७५ सम्बन्धमा समितिको प्रतिवेदन

१. ज्येष्ठ नागरिक सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७५ (यसपछि "विधेयक"भनिएको) को दफा २ अन्तर्गत थप्ने व्यवस्था गरिएको खण्ड (च२) को अन्त्यमा रहेको "सम्झनु पर्छ" भन्ने शब्दहरुपछि "र सो शब्दले ज्येष्ठ नागरिकको हेरचाह र संरक्षण गर्न स्थापना र सञ्चालन हुने हेरचाह केन्द्र, आश्रम केन्द्र वा यस्तै प्रकृतिका अन्य संरचनालाई समेत जनाउँछ" भन्ने शब्दहरु थप्ने ।

२. विधेयकको दफा २ को बुँदा (१) ले गरेको व्यवस्थापछि देहाय बमोजिम बुँदा (२) र (३) थपी बुँदाक्रम मिलाउने :-

"(२) खण्ड (छ) को उपखण्ड (१) मा रहेका "नाति, नातिनी," भन्ने शब्दहरुपछि "छोरीतर्फको नाति, नातिनी" भन्ने शब्दहरु थपिएका छन् ।

(३) खण्ड (ञ) पछि देहायको खण्ड (ञ१) थपिएको छ :-

"(ञ१) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।" "

३. विधेयकको दफा ३ अन्तर्गत उपदफा (४क) को अन्त्यमा रहेको "मिलाइनेछ" भन्ने शब्दको सट्टा "गरिनेछ" भन्ने शब्द राख्ने ।

४. विधेयकको दफा ४ को सट्टा देहायको दफा ४ राख्ने :-

"४. मूल ऐनको दफा ५ मा संशोधन: मूल ऐनको दफा ५ को,-

(१) उपदफा (५) मा रहेका "गाउँ कार्यपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुख समक्ष" भन्ने शब्दहरुको सट्टा "स्थानीय तहको न्यायिक समिति समक्ष" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (६) र (७) मा रहेका "गाउँ कार्यपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुखले" भन्ने शब्दहरुको सट्टा "स्थानीय तहको न्यायिक समितिले" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपदफा (८) पछि देहायका उपदफा (९) र (१०) थपिएका छन् :-

"(९) उपदफा (३) वा (६) बमोजिमको आदेशको पालना नगर्ने व्यक्तिले त्यस्तो ज्येष्ठ नागरिकको सम्पत्ति भोग गरेको विषयमा स्थानीय तहमा उजुरी परेमा न्यायिक समितिले ज्येष्ठ नागरिकको नाममा रहेको त्यस्तो चल अचल

सम्पत्ति निजको सट्टा निजलाई पालनपोषण तथा हेरचाह गर्ने नातेदार वा हकवालालाई जिम्मा लगाउन सक्नेछ ।

(१०) यस दफामा अन्य जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहले ज्येष्ठ नागरिकको परिवारको सदस्य, नातेदार वा हकवालाले पालनपोषण तथा हेरचाह नगरेका वा पालनपोषण तथा हेरचाह गर्ने अन्य हकवाला वा नातेदार नभई अलपत्र अवस्थामा रहेका ज्येष्ठ नागरिकलाई हेरचाह केन्द्रमा राखी पालनपोषण तथा हेरचाह गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।" "

५. विधेयकको दफा ६ मा प्रस्तावित दफा ८क. को उपदफा (१०) मा रहेका "आर्थिक वर्षको अन्त्यमा" भन्ने शब्दहरुपछि "आमा, बाबु र" भन्ने शब्दहरु थप्ने ।

६. विधेयकको दफा ११ मा प्रस्तावित दफा १४क. को,-

(१) उपदफा (१) मा रहेका "सामाजिक सुरक्षा" भन्ने शब्दहरुपछि "प्रदान" भन्ने शब्द थप्ने ।

(२) उपदफा (२) मा रहेका "प्रदेश सरकारले" भन्ने शब्दहरुको सट्टा "प्रदेश कानूनले" भन्ने शब्दहरु राख्ने ।

७. विधेयकको दफा १२ मा प्रस्तावित दफा १५ को उपदफा (१) मा रहेका "सामाजिक सुरक्षा" भन्ने शब्दहरुपछि "प्रदान" भन्ने शब्द थप्ने ।

८. विधेयकको दफा १६ मा प्रस्तावित दफा २५क. को खण्ड (क) मा रहेका "छोरा छोरीले" भन्ने शब्दहरुको सट्टा "परिवारका सदस्यले" भन्ने शब्दहरु राख्ने ।

९. विधेयकको दफा १७ मा प्रस्तावित दफा २६ को,-

(१) उपदफा (२) मा रहेका "एक महिनादेखि" भन्ने शब्दहरु झिक्ने ।

(२) उपदफा (३) मा रहेका "तीन वर्षसम्म" भन्ने शब्दहरुको सट्टा "एक वर्षसम्म" भन्ने शब्दहरु राख्ने ।

(३) उपदफा (५) मा रहेका "एक महिनादेखि" भन्ने शब्दहरु झिक्ने ।

(मनोजकुमार गिरी)
सचिव

(परशु राम मेघी गुरुङ)
सभापति

मिति : २०७५/११/०९